मिति २०८३/०२/१२ गते बसेको बाह्रौं गाउँकार्यपालिका बैठकको उपस्थिति

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८३/०२/१२ बैठक संख्या : २०८२/०८३- १२ समय : बिहान ०८ : ३० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका, रजैया

<u>उपस्थिति</u>

| क्र.स | नामथर | पद | दस्तखत | |
|---|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

मिति २०८३/०२/१२ गते बसेको बाह्रौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. सिमपानी खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट प्राप्त विवरण सम्बन्धमा।

२. मनहरी गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० पुनरावलोकन सम्बन्धमा।

३. आर्थिक सहायता/राहत सम्बन्धमा।

४. आ.व. २०८३/०८४ को बार्षिक नीति कार्यक्रम तथा बजेट सम्बन्धमा।

५. गणतन्त्र दिवस मनाउने सम्बन्धमा।

६. सामी कार्यक्रम निरन्तरता सम्बन्धमा।

७. बजेट कार्यान्वयन सम्बन्धमा।

८. खर्च शिर्षक संसोधन सम्बन्धमा ।

९. सानान्टार हाँडीखोला झोलुङ्गे पुल सम्बन्धमा।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

गाउँ कार्यपालिकाको बाह्रौं बैठक

मिति २०८३/०२/१२ गते बसेको बाहौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

निर्णयहरु :

१. प्रस्ताव नं.१ उपर छलफल गर्दा सिमपानी खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट विवरण सहित प्रतिउत्तर प्राप्त भएकोमा अध्ययन भ्रमणलाई मितव्ययी र उपलब्धीमुलक बनाउन र उपभोक्ताहरुलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै खानेपानी सेवा शुल्क उचित हुने गरी तोक्ने र असुल हुने गरी पत्र लेखि पठाउने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा मनहरी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८० मा संलग्न अनुसूची - १ बमोजिम पुनरावलोकन गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने विपद्जन्य घटनाको लागि माग भई आएको रकम अनुसूची - २ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा छलफल भयो । सो सम्बन्धमा नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने र संलग्न अनुसूची - ३ अनुसार जम्मा आय तथा बजेट सिमा र क्षेत्रगत बजेट कायम गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा यहि महिना १४, १५ र १६ गते गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा साँझ दिप प्रज्ज्वलन गरी गणतन्त्र दिवस मनाउने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा यस गाउँपालिकामा संचालनमा रहेको सुरक्षित नागरिक आप्रवासन साभी कार्यक्रमलाई आगामी आर्थिक वर्ष २०८३/०८४ मा पनि निरन्तरता दिने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस अघि सार्वजनिक जगामा सार्वजनिक प्रयोजनको लागि निर्माण शुरु भएको मठ - मन्दिर, गुम्बा, बौद्धमुर्ति, चर्च, पाटी, सत्तल लगायतका भौतिक पुर्वाधारलाई पुर्णता दिनको लागि गाउँपालिकाबाट विनियोजन भएको बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा आ.व. २०८२/०८३ मा काम गर्ने गरी स्वीकृत दोवान स्कुलमुनी तटबन्धन मनहरी २ को लागि रु १३,००,०००। (तेह लाख ) विनियोजन भई सो योजना पुँजिगत खर्च अन्तर्गत खर्च शिर्षक नं ३११५४ को श्रोत राजश्व बाँडफाड- स्थानीय नगद तर्फ शुत्रमा प्रविष्ट गर्नुपर्नेमा भुलवश चालु खर्च अन्तर्गत खर्च शिर्षक नं २८९११ को श्रोत राजश्व बाँडफाड- स्थानीय नगद तर्फ प्रविष्ट हुन गएको र हाल उपभोक्ता समितिबाट सो योजना संचालन गरी रकम भुक्तानीको लागि माग भई आएकोले उक्त शिर्षक

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

पुँजिगत खर्च अन्तर्गत खर्च शिर्षक नं ३११५४ को श्रोत -राजश्व बाँडफाड- स्थानीय नगद कायम गरी खर्च शिर्षक संसोधन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा स्थानीय पूर्वाधार विकास विभागबाट सानान्टार – हाँडिखोला झोलुङ्गे पुल रहेको स्थानमा पक्की पुल निर्माण भएको कारण उक्त झोलुङ्गे पुल प्रयोग विहिन भएको हुँदा सो पुल अन्य क्षेत्रमा स्थानानन्तरण आवश्यक रहेको/नरहेको सम्बन्धमा विवरण माग भई आएको हुँदा सम्बन्धित वडा कार्यालयहरु वडा नं ३ र ४ सँग राय माग गरि सोहि बमोजिम स्थानीय पूर्वाधार विकास विभागलाई पत्राचार गर्ने निर्णय गरियो ।

उपरोक्त प्रस्तावहरुको सर्वसम्मत निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८३/०२/१२ गते बसेको १२ औ गाउँ कार्यपालिका बैठकको निर्णय नं. ३ सँग सम्बन्धित

अनुसूची २

| क्र. सं. | माग भई आएको कार्यक्रम विवरण | कार्यक्रम माग हुनाको कारण | माग भएको रकम | भुक्तानी हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | फुलमाया चेपाङ मनहरी -६ | छोरी सुमित्रा चेपाङ लडेर गम्भिर बिरामी भई मेरुदण्डको शल्यक्रियाको लागि आर्थिक सहायता | ५०,०००/- | आर्थिक सहायता | अनुमोदन |
| २ | केदारेश्वर युवा क्वल मनहरी ०९ | लागुपदार्थ दुर्व्यसनीन्युनीकरण सम्बन्धी एक दिवसीय तालिम संचालन | ५२,०५०/- | विविध | |
| ३ | रजैया दर्दरा जोड्ने अस्थाई हेम पाईप मनहरी ५ र ९ | वर्षायाममा हेम पाईप बाढीले बगाएर लैजाने भएकोले उक्त हेमपाईप निकालेर सुरक्षित स्थानमा सार्ने | ७७,०००/- | विपद् व्यवस्थापन कोष | |
| ४ | सोम बहादुर प्रजा मनहरी - ४ | घरको छाना जिर्ण भएको हुँदा खरको छानो विस्थापन | २०,०००/- | विपद् व्यवस्थापन कोष | |
| ५ | ठूलीमाया प्रजा मनहरी -४ | घरको छाना जिर्ण भएको हुँदा खरको छानो विस्थापन | २०,०००/- | विपद् व्यवस्थापन कोष | |
| ६ | विमला प्रजा मनहरी -४ | घरको छाना जिर्ण भएको हुँदा खरको छानो विस्थापन | २०,०००/- | विपद् व्यवस्थापन कोष | |
| ७ | श्री यूवा वर्ष गंगा आधारभुत विद्यालय मनहरी - ९ | विद्यालयको जस्ताको छाना फेर्न | २,५०,०००/- | अन्य सार्वजनिक निर्माण | |
| ८ | खेलकुद विकास समिति मनहरी गा.पा | राक्सिराङ गा. पा खेलकुदमा भाग लिन | १, ४६,००० | विविध | |
| ९ | धन माया वि. क. मनहरी -७ | अटो दुर्घटनामा परि घाईते भएकोले औषधिउपचारार्थ आर्थिक सहयोग | १,००,०००/- | आर्थिक सहायता | |
| १० | भोर्लेटाडी सिरान टोल खानेपानी तथा सिचाई व्यवस्थापन उपभोक्ता समिति मनहरी -१ | सिचाई मोटर मर्मतको लागि | १,१५,०००/- | अन्य सार्वजनिक निर्माण | |
| ११ | नेपाल चेपाङ संघ जिल्ला कार्यकारिणी समिति मकवानपुर | लागत साझेदारीमा जावी (झोला) बनाउने तालिम | २,५०,०००/- | चेपाङ समुदायका व्यक्तिहरुलाई सिपमुलक तालिम कार्यक्रम | |
| १२ | हरियाली महिला समुह वडा नं. ३ | म्याट, सिलिङ फ्यान, कुर्सी, टेबुल | ४०,०००/- | मसलन्द तथा कार्यालय सामाग्री | |

रन्जन कालाखेती
अध्यक्ष